

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २८ गते मंगलबार ❑ 12 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## महावीर पुनलाई गण्डकी रत्न सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

गण्डकी प्रदेश सरकारले गण्डकी रत्नबाट राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुनलाई विभूषित गरेको छ । विज्ञान, प्रविधि, सूचना एवं वायरलेस प्रविधिबाट ग्रामीण क्षेत्रमा इन्टरनेट सूचना प्रवाह गर्दै आएका पुनलाई प्रदेश सरकारले सोमबार एक समारोहका बिच सम्मान गरेको हो । प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, प्रदेशका मन्त्री एवं सांसदहरुले पुनःलाई सम्मान गरेका हुन् ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ नाँगीमा २०११ सालमा जन्मेका पुन बायोमेडिकल, कृषि, शिक्षा, ड्रोन, लगायत क्षेत्रमा कार्य गर्दै आएका छन् । पुन रोमन म्यागासेसे पुरस्कारबाट सम्मानित व्यक्तित्व हुन् । अब उनलाई प्रदेशसभाका सदस्य सरहको मर्यादाक्रम पाउने छन भने प्रदेशभित्रका सरकारी अस्पतालमा निशुल्क उपचार, विमानस्थलको भिआइपी कक्ष उपयोग, सरकारले सञ्चालन गरेको सार्वजनिक सेवाका लागि विशेष प्राथमिकता र संरक्षणविहीन भएमा सरकारले नै जिम्मा लिने भएको छ ।

गण्डकी प्रदेश सरकारको ४ वर्ष पूरा भएको अवसरमा पुनलाई विभूषित गर्ने घोषणा गत फागुन ४ मा गरेको थियो । त्यतिबेला महावीर पुन मुलुक बाहिर रहेकाले सोमबार विशेष कार्यक्रम गरेर उनलाई सम्मान प्रदान गरिएको हो । उक्त अवसरमा प्रदेश प्रमुख गुरुङले ग्रामीण भेगमा जन्मेर पनि अनुसन्धानको क्षेत्रमा महावीर पुनले महत्वपूर्ण योगदान



पुऱ्याउन सफल भएको भन्दै प्रशंसा गरे । शिक्षण पेसामा आबद्ध हुँदा २०२८ सालतिर पुनसँग चितवनमा भेट भएको स्मरण गर्दै प्रदेश प्रमुख गुरुङले निरन्तरको लगावले पुन यो स्थानमा पुगेको बताए । गण्डकी प्रदेश सरकारले निकै राम्रो कामको थालनी गरेको भन्दै आगामी वर्षमा समेत यसले निरन्तरता पाउने विश्वास व्यक्त गरे । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले अनुसन्धानबाट मुलुकलाई समृद्ध बनाउन चालेको कदमको सम्मान गर्दै पुनलाई गण्डकी रत्न प्रदान गरिएको बताए । मुख्यमन्त्री पोखरेलले राष्ट्रिय अनुसन्धान केन्द्रको सहकार्यमा अनुसन्धानका लागि आगामी वर्षमा गण्डकी सरकारले १० करोड विनियोजन गरेको जानकारी गराए । उनले भने, 'हामीले महसुस गरेका छौं, समृद्धिका लागि अनुसन्धानको महत्व कति छ भन्ने छिटै कार्यविधि बनाएर कार्यक्रम सञ्चालन गरिने छ । कार्यक्रममा सभामुख नेत्रनाथ अधिकारीले महावीर पुनको सम्मानले गण्डकी प्रदेशको शिर अझै उँचो भएको भनाइ राखे । उक्त अवसरमा आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्माले गण्डकी प्रदेश भित्र जन्मिएर यहाँकै श्रीवृद्धिको लागि योगदान गरेकाहरुबाट नामहरु छनोट गरिएको बताए । छनोट समितिले ३ जनालाई छान्नसक्ने कार्यविधि भए पनि पहिलो पटक भएकाले एक जनालाई मात्र छनोट गरिएको जानकारी उनले दिए ।

गण्डकी प्रदेशका प्रवक्ता तथा भौतिक पूर्वाधार, यातयात व्यवस्था मन्त्री कुमार खड्काको संयोजकत्वमा छनोट समिति गठन गरिएको थियो । शिक्षा, स्वास्थ्य तथा खेलकुद, कृषि तथा सहकारी, उद्योग पर्यटन, वातावरण, पूर्वाधार विकास तथा विपद् व्यवस्थापन, भाषा संस्कृति, सार्वजनिक प्रशासन लगायतका क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिमध्येबाट सम्मान गर्नेगरी कार्यविधि बनाइएको छ । विभूषण ग्रहणपछि महावीर पुनले आफू अध्ययन अनुसन्धानका लागि पर्याप्त बजेट लगानी गरेका मुलुकहरु समृद्ध भएको उदाहरण पेस गरे । उनले भने, ' अनुसन्धानमा बलियो नभएकाले हाम्रो देश हेपिएको हो, युवाहरु रोजगारी खोज्दै विदेश धाउँदा यहाँको अर्थतन्त्र अस्तव्यस्त भएको छ, अनुसन्धान र विकासका लागि अब ढिला गर्न हुँदैन ।' अनुसन्धान आफैमा कठीन काम भएको भन्दै उनले १ सय वटा अनुसन्धानमध्ये १०/१५ वटा मात्र सफल हुने भएकाले सतप्रतिशत नतिजा आउन नसक्ने भनाइ राखे । 'हाम्रो बजेट सिस्टमले असफल भएको कार्यक्रमलाई रकम दिन नमिल्ने भन्छन्, तर सबै अनुसन्धान सफल नै हुन्छन् भन्ने छैन,' उनले भने । गण्डकी प्रदेश सरकारले गण्डकी विश्वविद्यालयमार्फत आविश्कार केन्द्र खोलेकामा आफू उत्साही भएको उनले बताए । गण्डकीमा आविश्कार केन्द्रकै खुलेकै कारण आफूले यो सम्मान लिन तयार भएको पनि उनले खुलाए ।

विज्ञान, प्रविधि, सूचना एवं वायरलेस प्रविधिबाट ग्रामीण क्षेत्रमा इन्टरनेट सूचना प्रवाह गर्दै आएका पुन म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ नाँगीमा २०११ सालमा जन्मेका हुन् । राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक पुन बायोमेडिकल, कृषि, शिक्षा, ड्रोन, लगायत क्षेत्रमा कार्य गर्दै आएका छन् । पुन रोमन म्यागासेसे पुरस्कारबाट सम्मानित व्यक्तित्व हुन् ।

गण्डकी रत्नबाट विभूषित व्यक्तिका लागि सार्वजनिक कार्यक्रममा प्रदेशसभाका सदस्य सरहको मर्यादाक्रम निर्धारण गरिएको छ । प्रदेशभित्रका सरकारी अस्पतालमा निशुल्क उपचार, विमानस्थलको भिआइपी कक्ष उपयोग, सरकारले सञ्चालन गरेको सार्वजनिक सेवाका लागि विशेष प्राथमिकता र संरक्षणविहीन भएमा सरकारले नै जिम्मा लिने गरी कार्यविधि बनाइएको छ । कार्यक्रममा छनोट समितिका संयोजाथमा क मन्त्री कुमार खड्कासहित मन्त्रीहरु, प्रदेश सभाका सदस्य, प्रमुख सचिव, सचिवहरुसहित निजी तथा सरकारी क्षेत्रका प्रतिनिधि सहभागी थिए ।

## मुख्यमन्त्री पोखरेल–अस्ट्रेलियन राजदूत भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली र नेपालका लागि अस्ट्रेलियका राजदूत फ्यालिसिटी भोल्कबीच सोमबार भेटवार्ता भएको छ । मुख्यमन्त्रीकै कार्यकक्षमा भएको भेटघाटमा समसामयिक विषयसहित नेपालको संघीयता कार्यान्वयनका क्रममा देखिएका सबल पक्ष र दुर्बल पक्षका बारेमा उनीहरुबीच कुराकानी भएको छ ।


मुख्यमन्त्री पोखरेलले नेपाल र अस्ट्रेलिया बीचको सम्बन्ध अझ सुदृढ हुँदै जाओस् भन्ने चाहना व्यक्त गरे । उनले भने, 'गण्डकी प्रदेशको विकासमा विशेष गरी शिक्षा, स्वास्थ्य, ऊर्जा, पर्यटन, प्रविधि प्रवर्द्धनमा अस्ट्रेलियाको सहयोग हाम्रा लागि अपेक्षित छ । यहाँको भ्रमणले हामी बीचको सम्बन्धलाई थप प्रगाढ बनाउन मद्धत गर्ने नै छ ।' नेपाल र अस्ट्रेलिया बीचको कुटनीतिक सम्बन्ध सन् १९६० मा स्थापना भए पश्चात २ देश बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण रहँदै आएको मुख्यमन्त्री पोखरेलले बताए । २ मुलुकको शिक्षा र पर्यटन क्षेत्रको संलग्नताले गर्दा २ देशको सम्बन्ध जनस्तरसम्म फैलिएको उनको भनाइ थियो ।

अस्ट्रेलियन डेभलपमेन्ट कोअपरेसन कार्यक्रममा १९७९ मा नेपाललाई समावेश गराइएपछि आपसी सहयोग अझ बढेको मुख्यमन्त्री पोखरेलले स्मरण गरे । अस्ट्रेलियन सरकार र निजी क्षेत्रले शिक्षा, स्वास्थ्य, वन वातावरण, प्रविधि, मानव विकास, ग्रामीण विकास, शान्ति निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गरेको भन्दै उनले प्रशंसा गरे । नेपालले कपडा, कार्पेट, पेन्टिग आदि अस्ट्रेलिया निर्यात गर्दै आएको छ । भने नेपालले प्रशोधित तेल, तरकारी आदिको आयात गर्ने गर्दछ । मुख्यमन्त्री पोखरेलले भने, 'अस्ट्रेलिया नेपालीका लागि प्यारो घरजस्तो भएको छ । ठूलो संख्यामा नेपाली विद्यार्थीहरु अस्ट्रेलियामा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अध्यक्ष दाहालसँग लिउ जियानचाओको भेट

**रासस**
**काठमाडौं, २७ असार**



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपाल भ्रमणमा रहनुभएका चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) का विदेश विभाग प्रमुख लिउ जियानचाओले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

चारदिने नेपाल भ्रमणमा रहनुभएका सिपिसीका विदेश विभाग प्रमुख लिउले आज अपरान्ह अध्यक्ष दाहाल निवास खुमलटार पुगी भेटवार्ता गर्नुभएको हो । भेटवार्तामा माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, नेता कृष्णबहादुर महरा, वर्षमान पुन, देवप्रसाद गुरुङ र नेत्री पम्फा भुसालको पनि सहभागिता छ । भेटवार्ताका क्रममा माओवादी केन्द्र र चिनियाँ कम्युनिष्ट पार्टीबीचको सम्बन्धका बारेमा छलफल भएको थियो ।

## अष्ट्रेलियाली राजदुतद्वारा हरियोखर्क अस्पताललाई अक्सिजन प्लाण्ट हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

अष्ट्रेलियाली राजदुत फेलिसीटी भोल्क, गण्डकी प्रदेश स्वास्थ्य सचिव डा श्रीराम तिवारी र आईएनएफ नेपालका अध्यक्ष रामचन्द्र तिमोथीले पोखरास्थित हरियोखर्क अस्पतालमा स्थापना गरिएको अक्सिजन प्लाण्टको संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

सो प्लाण्ट अष्ट्रेलियाली सरकारले, आईएनएफ नेपालसंगको सहकार्यमा एक करोड चौध लाख रुपयाँको लागतमा स्थापना गरिएको हो । दुईवटा प्लाण्ट जडित सो प्लाण्टमा सामान्य तथा आपत्कालीन अवस्थामा विश्वसनीय रुपमा पाँच क्युविक मिटर प्रति घण्टाको दरले मेडीकल अक्सिजन उत्पादन गर्नेछ । आपतकालीन अवस्थामा दुबै प्लाण्टको प्रयोगले अक्सिजनको उत्पादन दोब्बर गर्न सकिन्छ । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै राजदुत



भोल्कले भन्नुभयो, 'यो अक्सिजन प्लाण्टको हस्तान्तरण नेपालमा आईएनएफको स्थापनाको सत्तरी वर्षको उत्सव संगै भईरहेको छ । आईएनएफले नेपालका ग्रामिण समुदायमा स्वास्थ्य सेवा प्रदान गर्ने, जीविकोपार्जनमा सहयोग प्रदान गर्ने र सामाजिक समावेशीतालाई प्रवर्धन गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।' उहाँले अगाडी भन्नुभयो, 'कोभिड-१९ महामारीले स्वास्थ्य प्रणालीमा धेरै चाप परेको हामीले देखेका छौ । अष्ट्रेलियाली सरकारको कोभिड-१९ डेभलपमेण्ट रेस्पोन्स प्लान अन्तर्गत स्थापित सो प्लाण्टले अस्पतालको स्वास्थ्य सेवा सबल बनाउने छ र यो अष्ट्रेलिया र नेपालको छ दशक भन्दा लामो मित्रताको प्रतिकको रुपमा रहनेछ ।' कार्यक्रमका सभापति एवम् आईएनएफ नेपालका अध्यक्ष रामचन्द्र तिमोथीले अक्सिजनप्लाण्टकालागिराजदुत भोल्क लगायतलाई आभार प्रकट गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश स्वास्थ्य सचिव डा श्रीराम तिवारीले प्रदेश सरकार आईएनएफ नेपाल हरियोखर्क अस्पतालसँग सहकार्य गरी अघि बद्ने प्रतिवद्दता व्यक्त गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १५ का अध्यक्ष तोरण बानियाँ, आईएनएफ नेपालका कार्यकारी निर्देशक कृष्ण अधिकारी र अस्पताल निर्देशक डा अरुण कुमार बुढा लगायतको उपस्थिती रहेको थियो । अतिथी लगायतले अक्सिजन प्लाण्ट उद्घाटन अघि हरियोखर्क अस्पतालको अवलोकन गर्नुभएको थियो ।

सामुदायिक स्वास्थ्य र विकासका क्षेत्रमा आईएनएफ नेपालले बाजुरा, मुगु, जुम्ला, कालीकोट, सुर्खेत, बाँके, दाङ, रोल्पा, कपिलवस्तु, कास्की, लमजुङ र गोरखा जिल्लाहरुमा सेवा प्रदान गर्दै आइरहेको छ । आइएनएफले यस वर्ष संस्था स्थापनाको ७० औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरू गरि मनाइरहेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# पोखरेली स्क्वास खेलाडीलाई तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**



पोखरेली स्क्वास खेलाडीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित ३ दिने तालिम सम्पन्न भएको छ ।

स्क्वास र्‍याकेट्स एशोसियसन (एसआरए) कास्कीको आयोजनामा २२ देखि २५ गतेसम्म बेलायती लेवल थर्ड कोच ह्यारी हेथककले पोखरा रङ्गशालास्थित स्क्वास कोर्टमा तालिम दिएका हुन् ।

सिनियर खेलाडी तथा प्रशिक्षक रक्षा लामाका अनुसार उक्त तालिममा महिला र पुरुष गरी २० जना बढिको सहभागिता रहेको थियो । प्रशिक्षकलाई प्रशंसापत्र प्रदान गर्दै समापन कार्यक्रममा प्रमुख अतिथि समेत रहेका प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव तेज गुरुङले खेलकुद आपसी सद्भाव कायम गर्न महत्वपूर्ण भुमिका खेल्ने धारणा राखे । 'खेलकुदको कुनै सीमाक्षेत्र हुदैंन । जसले हामीलाई सजिलै जोड्न मद्दत गर्दछ, उनले भने, 'त्यसैले खेलकुद एउटा त्यस्तो पावर हो ।' उनले उक्त विदेशी प्रशिक्षकको उपस्थितिले खेलाडीहरु प्रेरित भएको बताउदै उक्त तालिम खेलाडीका लागि समापन नभई सुरुवात भएको बताए । 'तालिम सकिएपनि यो तपाइहरुको समापन होइन । यो त बल्ल सुरुवात हो ।' उनले भने ।

उनले खेलकुदसँगै स्क्वास विकासका लागि प्रदेश खेलकुद परिषद सदैब लाग्ने बताउदै स्क्वासको अत्याधिक सम्भावना रहेको उल्लेख गरेका थिए ।

यसैगरी स्क्वास खेलाडी प्रयाग जोशीले धेरै पहिलेदेखि स्क्वास खेल्दै आएको बताउदै प्रशिक्षणपश्चात थप हौसला बढेको बताए । 'खेल्न त धेरै पहिलेदेखि खेल्दै आएको हो, उनले भने, 'यो ट्रेनिङपछि मात्रै बेसिक कुराहरु जान्न पाइयो । त्यसले गर्दापनि आफ्नो खेल बढेको जस्तो लागेको छ र थप साहस बढेको छ ।' स्क्वास र्‍याकेट्स एशोसियसन कास्कीका अध्यक्ष पुष्पराज श्रेष्ठले सो तालिमपश्चात खेलाडीहरुको क्षमता अभिवृद्धि भएको बताए । उनले विविध पक्षलाई तालिममा समेटेको बताउदै प्रतियोगितामा खेलाडीहरुले प्रतिस्पर्धा गर्दा सिकेको कुरालाई प्रयोग गर्नसक्ने गरी तालिम प्रदान गरेको बताएका थिए । यसैगरी विदेशी प्रशिक्षक ह्यारी हेथककले नेपालमा स्क्वास कोर्ट कम भएका कारण खेलाडीहरुको स्क्वासमा अत्याधिक सम्भावना रहेको बताए । उनले नेपालमा काठमाडौं र पोखरामा मात्रै कोर्ट रहेको बताउदै अन्यत्र शहरमा पनि कोर्ट निर्माण गर्नुपर्ने बताएका थिए ।

उक्त समापन कार्यक्रममा प्रशिक्षक ह्यारी हेथककलाई ढाका टोपी ओढाएर सम्मान समेत गरिएको थियो ।

# श्रीकृष्ण जन्माष्टमीका अवसरमा भजनचुड्का प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**



राधाकृष्ण सांस्कृतिक समूह, पोखरा-३२, लामेआहालले आगामी भदौ ३ गते श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा भजनचुड्का प्रतियोगिता गर्ने भएको छ ।

प्राचीन संस्कृतिको जगेर्नामा कृयाशिल समूहले वर्षेनी उक्त प्रतियोगिता गर्दै आएकोमा विगत दुई वर्ष भने कोरोना महामारीका कारण गर्न सकिएको थिएन । यस वर्ष उक्त प्रतियोगिता गर्ने गरी तयारी बढाएको समूहले गत शनिबार विशेष भेला आयोजना गरी मूल समारोह सहित विभिन्न उपसमिति गठन गरेको समूहका सचिव पुष्पराज शर्मा पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रतियोगिताका लागि विश्वभुषण खनालको संयोजकत्वमा ५०१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ । उक्त समितिको सह संयोजकद्वयमा झलक थापा र गणेशबहादुर थापा रहनुभएको छ । भेलाले विभिन्न उपसमिति पनि गठन गरेको छ । सल्लाहकार उपसमितिको संयोजकमा अक्कलबहादुर कार्की, प्रचारप्रसार उपसमितिको संयोजकमा पुष्पराज पौडेल, आर्थिक व्यवस्थापन उपसमितिको संयोजकमा रुद्रकुमारी सिग्देल, मञ्च व्यवस्थापन उप समितिको संयोजकमा घनश्याम खनाल रहनुभएको छ । त्यस्तै अतिथि सत्कार उपसमितिको संयोजकमा भुलाप्रसाद भण्डारी, सचिवालय व्यवस्थापन एवम् सम्मानपत्र लेखन उपसमितिको संयोजकमा पर्शुराम पौडेल रहनुभएको छ ।

साथै समूह निमन्त्रणा उपसमितिको संयोजकमा प्रकाशचन्द्र वाग्ले, स्वागत भजन निर्माण उपसमितिको संयोजकमा मनबहादुर कुँवर, स्वयं सेवक तथा पानी वितरण उपसमितिको संयोजकमा मीनकुमारी बोहोरा, खाजा व्यवस्थापन उपसमितिको संयोजकमा पार्वती लामिछाने र सञ्चार व्यवस्थापन उपसमितिको संयोजकमा वासुदेव पौडेल रहनुभएको छ ।

# सामुदायिक विद्यालय तथा वडा कार्यालय परिसरमा बृक्षरोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

नेपाल रेडक्रस सोसाइटी थप्रेक उपशाखा तनहुँले शुक्लागण्डकी नगरपालिका वडा नं १ स्थित सामुदायिक विद्यालयहरू तथा वडा कार्यालय परिसरमा बृक्षरोपण गरेको छ ।

यही असार २४ र २५ गते विद्यालयहरू तथा वडा नं १ कार्यालय परिसरमा आवश्यकता अनुसारका अशोका, कपुर, तेजपत्ता, पारिजात र लप्सीका ४० वटा विरुवा रोपिएको उपशाखाका सचिव ठाकुरप्रसाद खनालले जानकारी दिनुभयो ।

धेरै विरुवा रोपेर छाड्नुभन्दा थोरै विरुवा रोप्ने र रोपेका विरुवा संरक्षण गरी हुर्काउनेमा उपशाखाले जोड दिएको छ । विरुवाको तत्कालीन संरक्षणका लागि स्थानीय सामाग्रीको प्रयोग गरी बारबन्देज गरिएको तथा भविष्यमा संरक्षणका लागि सम्बन्धित विद्यालय र वडा कार्यालयले जिम्मेवारी लिने गरी कार्यक्रम बनाइएको छ । रुख रोपौं वातावरण जोगाउँ भन्ने सन्देश सहितको यस कार्यक्रमले बालबालिकामा वातावरण संरक्षण प्रति सकारात्मक भावनाको विकास गर्ने अपेक्षा गरिएको छ । उपशाखाका तर्फबाट वडा नं १ अन्तर्गतका अन्तराष्ट्रिय युवा वर्ष आधारभुत विद्यालय सेरावेसी, जनकल्याण आधार भुतविद्यालयसिम्ले, अमरज्योति मा.वि.तल्लीपोखरी, सरस्वती मा.वि. थप्रेक र अमरज्योति आधारभुत विद्यालय काठेपिपल गरी पाँचवटा सामुदायिक विद्यालय र वडा कार्यलय परिसरमा बृक्षरोपण गरिएको थियो ।

कार्यक्रममा उपशाखाका तर्फबाट सभापति शमशेरबहादुर गुरुङ, निवर्तमान सभापति केशमाया गुरुङ, सचिव ठाकुरप्रसाद खनाल, कोषाध्यक्ष अनिता पौडेल, उपसचिव वावुराम वाग्ले, सदस्य हरिबहादुर शाही लगायतको संलग्नता रहेको थियो ।

# ११ महिनामा भित्रियो नौ खर्ब चार अर्ब विप्रेषण

**रासस**
**काठमाडौं, २७ असार**

चालु आर्थिक वर्षको ११ महिनामा रु नौ खर्ब चार अर्ब १८ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आवको ११ महिनाको विवरणअनुसार विप्रेषण आप्रवाहमा ३.८ प्रतिशतले वृद्धि भएको हो ।

केन्द्रीय बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १२.६ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भएको विप्रेषण आप्रवाह १.५ प्रशितले बृद्धि भई रु सात अर्ब ५१ करोड बराबर पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १०.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको छ । केन्द्रीय बैंकका अनुसार कूल तीन लाख १३ हजार ३६७ नेपालीले त्यस्तो अनुमति लिएका छन् । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ६८ प्रतिशतले घटेको थियो । वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा २०८.३ प्रतिशतले वृद्धि भई दुई लाख ५९ हजार ९१ बराबर पुगेको छ ।

# मुख्यमन्त्री...

गुणस्तरीय उच्च शिक्षा हासिल गर्न गएका छन् ।'

कतिपय नेपाली युवाहरु अस्ट्रेलियामा राम्रो काम प्राप्त गर्न सफल भएको र कतिपयले स्थायी आवासको अनुमति लिई परिवार नै बसोवास गरेको अवस्था छ । नेपाली विद्यार्थी र अस्ट्रेलियामा बसोबास गर्ने नेपालीप्रति अस्ट्रेलियामा देखाइएको सहयोगका लागि मुख्यमन्त्रीले आभार प्रकट गरे ।

प्रदेश सरकारले स्थापना गरेको गण्डकी विश्वविद्यालय र अस्ट्रेलियाका शैक्षिक संस्थाबीच सहकार्यका लागि समेत मुख्यमन्त्री पोखरेलले चासो व्यक्त गरे ।

राजदूत फ्यालिसिटी भोल्कले अस्ट्रेलिया सरकारले नेपालमा लामो समयदेखि शासकीय सुधारका क्षेमा काम गर्दै आएको भन्दै अहिले पनि संघीयता सुदृढीकरणमा समेत अहिले पनि आर्थिक र प्राविधिक सहयोग गरिरहेको जानकारी गराइन् । राजदूत भोल्कले सोमबार नै पोखराको हरियोखर्कस्थित ग्रिन पास्चर अस्पतालमा स्थापित अक्सिजन प्लान्टको उद्घाटन गरेकी छन् । कोभिडका बेलामा नेपाल सरकारले दातृ निकायसँग गरेको आग्रह अनुसार अस्ट्रेलियाले सहयोग गरेको उनले स्मरण गरिन् । अहिले पनि कोभिडबाट प्रभावितका लागि आर्यआर्जनका क्षेत्रमा आइएनएफमार्फत् काम हुँदै आएको उनले बताइन् । उनले भनिन्,' जीविकोपार्जन, आयआर्जन, अपांगता भएकाहरुकाको लागि सबलीकरण कार्यक्रममा हामीले सहयोग गर्दै आएका छौं ।'

उनले गण्डकी विश्वविद्यालयसँग अस्ट्रेलियका शैक्षिक संस्थासँग सहकार्यका लागि समन्वय गर्ने प्रतिबद्धता समेत उनले जनाइन् । राजदूत भोल्कले भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन र आसन्न प्रदेश सभा, प्रतिनिधि सभाको निर्वाचनको तयारीका बारेमा समेत राजदूतले चासो राखेकी थिइन् । अक्त अवसरमा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेल, कानुन, सञ्चार तथा संसदीय मामिला मन्त्री बिन्दुकुमार थापाले संघीयता कार्यान्वयमा देखिएका चुनौतीका बारेमा अनुभव सुनाए । भेटघाटमा आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्मा, प्रदेश सभा सदस्य ओमकला गौतम, सरीता गुरुङ, ललितकला गुरुङ, मनकुमारी गुरुङ, प्रकाशचन्द्र दवाडी, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रमुख सचिव रविलाल पन्थ, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिवद्वय रामप्रसाद आचार्य र मनमाया पंगेनीसहित सहभागी थिए ।


## पसल बिक्रीमा

पोखरा-४ चिप्लेढुंगा, मानवअधिकार चोक UFO अगाडि अति चालु अवस्थामा रहेको फ्लोरा द बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्क:
मो. ९८०४१४९२६३, ९८५६०३६१२१


# प्रजातन्त्र सेनानी खत्रीको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**



पोखरा २० भलाम निवासी प्रजातन्त्र सेनानी क्याप्टेन गंगाबहादुर खत्रीको ८६ बर्षको उमेरमा निधन भएको छ ।

स्व.खत्री ३१ वर्ष भारतीय सेनामा कार्यरत रहदै गौरखाली सेनाको क्याप्टेनबाट अवकाश प्राप्त पछि नेपाली कांग्रेस भुपु संगठनमा सक्रिय तथा नेपालको विभिन्न आन्दोलनमा नेतृत्वदायी भुमिका रहेको खत्रीले भलामको समग्र सामाजिक कार्यमा नेतृत्व गरेका थिए । स्व. खत्रीलाई नेपाली कांग्रेसद्धारा प्रजातन्त्र सेनानी पद, भारत सरकारद्धारा विभिन्न बहादुरी पदकहरुद्धारा सम्मान तथा विभिन्न संघ संस्थाहरुद्धारा सम्मानित हुनुभएको थियो । भलाम क्षेत्रको शिक्षा, स्वास्थ्य, बाटो निमार्णमा योगदान सहित नेतृत्व गरेका खत्री सबैका लोकप्रिय अभिभावक रहनु भएको थियो । खत्रीका दुई श्रीमती चार छोरा र तिन छोरी रहेका छन् ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# संवैधानिक परिषद विधेयक फिर्ता लेऊ

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जस्तै प्रावधान राखेर प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले त्यससम्बन्धी विधेयक राष्ट्रिय सभामा पेस गरेको छ। बुधवार संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभामा पेस भएको छ । केपी शर्मा ओली विरुद्ध जे प्रचार गरिएको थियो गठबन्धन सरकारले त्यही ल्याएर द्वैध चरित्र प्रदर्शन भएको छ।

संवैधानिक परिषद्मा आफू अनुकूल निर्णय गर्न नसकिने भएपछि प्रधानमन्त्री देउवाले विधेयक निर्माण गरेर राष्ट्रिय सभामा पेश गरेका हुन्। विधेयकमा सामान्य शब्दावली फेरबदलबाहेक अरू सबै व्यवस्था ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेश जस्तै छ। ओली प्रधानमन्त्री भएको बेलायत संबैधानिक परिषद् को बैठकमा अनुपस्थित रहेर बैठक बस्न नसक्ने अवस्था देउवा र सभामुख अग्नि प्रसाद सापकोटाले बनाएका थिए। संबैधानिक परिषदको बैठक बस्न सक्ने बनाउन ल्याईएको अध्यादेश विरुद्ध लडेकाहरुले अहिले त्यही आसयको विधेयक ल्याएर घुमाउरो तरिकाले गल्ति स्वीकार हो ।

विधेयकमा ऐनको दफा ६ को उपदफा ३ मा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ' भन्ने व्यवस्था थपिएको छ। यसअघि तत्कालीन ओली नेतृत्वको सरकारले पदमा बहाल पदाधिकारीमध्ये बहुमत पुग्ने पदाधिकारी उपस्थित भए गणपूरक संख्या मानिने छ भनेको थियो । यसरी हेर्दा त्यो र अहिलेको व्यवस्था उस्ता उस्तै छ। पहिले गरिएको विरोध विरोधका लागि मात्र थियो भन्ने पुष्टि भएको छ।

संविधानमा भएको संवैधानिक परिषद्सम्बन्धी व्यवस्था अनुसार, प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने परिषद्मा प्रधानन्यायाधीश, प्रमुख विपक्षी दलको नेता, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपसभामुख सदस्य रहने व्यवस्था छ। लामो समयदेखि उपसभामुखको पद रिक्त नै छ। विधेयकमा प्रधानमन्त्री बाहेकका चार सदस्यमध्ये दुई जना मात्रै उपस्थित भएमा बैठक बसेर निर्णय गर्न सक्ने व्यवस्थासहित विधेयक निर्माण गरिएको छ । अहिलेको अवस्था हेर्दा, संवैधानिक परिषद्का सदस्य रहेका सभामुख अग्निप्रसाद सापकोटा नेकपा (माओवादी केन्द्र)बाट सभामुख निर्वाचित भएको हुनाले उनी सत्तारुढ दलको खेमातिर झुकाव राख्ने देखिन्छ। प्रधानन्यायाधीश विरुद्ध संसद्मा अविश्वासको प्रस्ताव दर्ता भएको हुनाले कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की कुन खेमामा रहन्छन् भन्ने कुरा भने खुलिसकेको छैन । प्रमुख विपक्षी दलका नेता केपी शर्मा ओली र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना नेकपा एमालेकै भएको हुनाले उनीहरू दुवै जना एउटै खेमाका रहन्छन् । कायममुकायम प्रधानन्यायाधीश र उपसभामुख रिक्त रहेको हुनाले उनीहरू दुवै जना बैठकमा सहभागी नभए पनि बैठक बस्ने व्यवस्था गर्नका लागि यो विधेयक तयार गरिएको बुझिएको छ।

विपक्षी दलका नेता केपी शर्मा ओली र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना बैठकमा उपस्थित नभए पनि ३ जनाको उपस्थितिमा बैठक बस्न सक्ने छ। ३ जनामा पनि एक सदस्य रहेका कायममुकायम प्रधानन्यायाधीशले फरक मत राखे पनि संवैधानिक परिषद्का अध्यक्ष रहेका प्रधानमन्त्री र सदस्य रहेका सभामुखको चाहेको निर्णय हुन सक्नेछ।

विधेयक राष्ट्रिय सभामा पेश भए पनि छलफल भने सुरु भएको छैन । विधेयकमाथि राष्ट्रिय सभामा छलफल सुरु नहुँदै प्रमुख प्रतिपक्ष दलदेखि सत्तारुढ दलका शीर्ष नेतृत्वले यसको विरोध गरेका छन् । हिजो प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका अध्यक्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशमार्फत ल्याउँदा विरोध गर्ने प्रधानमन्त्री शेरबहादुर देउवाले उस्तै खालको व्यवस्थासहित विधेयक ल्याउनु गलत भएको भन्दै कांग्रेसका डाक्टर शेखर कोइराला समुहका नेताहरूले विरोध गरेका छन। सत्तारूढ कांग्रेसको संस्थापन पक्ष माओवादी केन्द्र नेकपा एस जसपाले विरोध गरेका छैनन् । सभामुखले ओली विरुद्ध सर्वोच्चमा मुद्दा हालेका छन । हिजो मुद्दामा हाल्नेले आज कुन नैतिकताको आधारमा सदनमा छलफलमा ल्याउने गम्भीर प्रश्न खडा भएको छ । आफैंले थुकेको थुक कसरी चाट्ने नैतिक समस्या खडा भएको छ। हिजो गल्तीको थियो भने आज ठिक छ भन्ने कुनै कारण नदेखिएको हुँदा फिर्ता लिनु उचित हुनेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# "कञ्चन पत्रकारिता पुरस्कार-२०७९" का लागि प्रतिभा छनौट समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशद्वारा सञ्चालित "कञ्चन पत्रकारिता पुरस्कार-२०७९"का लागि प्रतिभा छनौट समिति गठन गरिएको छ।

समाजसेवी एवं व्यवसायी विमलमान गुभाजू र उहाँको परिवारद्वारा बुबा स्व. वेदमान गुभाजू र आमा स्व. नेत्रकुमारी गुभाजूको पुण्य स्मृतिमा स्थापित सो पुरस्कारका लागि नेपाल बार एशोसिएसनका पूर्व उपाध्यक्ष अधिवक्ता सुरेन्द्र थापामगरको संयोजकत्वमा पाँच सदस्यीय छनौट समिति गठन गरिएको हो।

पोखरा-२५, सुइखेतस्थित सुइखेत रिभर भ्याली रिसोर्टमा शनिबार सम्पन्न फोनिज, गण्डकी प्रदेशको बैठकले छनौट समिति गठन गर्ने निर्णय गरेको महासचिव धनबहादुर गुरुङ (सुमन)ले जानकारी दिनुभयो । छनौट समितिका सदस्यहरूमा शान्ति गुरुङ, एमबी आस्था मगर, अध्यक्ष रूद्रबहादुर श्रीसमगर र महासचिव धनबहादुर गुरुङ (सुमन) रहनुभएको छ । सो पुरस्कार आगामी साउन २७ गते फोनिजको २२ औं स्थापना दिवसका अवसरमा गण्डकी प्रदेश कार्यक्षेत्र भएका दुई जना आदिवासी जनजाति पत्रकारलाई जनही २५ हजार नगदसहित प्रदान गरिने जनाइएको छ । यस पुरस्कारबाट यसअघि, रूद्रबहादुर थापामगर, राजेशचन्द्र राजभण्डारी, शान्ति गुरुङ र केबी रानामगर पुरस्कृत भइसक्नुभएको छ । यसैबीच, बैठकले फोनिजको २२ औं स्थापना दिवसका अवसरमा मैत्रीपूर्ण फुटसल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको छ। प्रतियोगिता सम्पन्न गर्न सचिव सुशान्त गाहामगरलाई संयोजकको जिम्मेवारी तोकिएको छ। नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकी र सञ्चारिका समूह, गण्डकीसँग फोनिज, गण्डकी प्रदेशले मैत्रीपूर्ण फुटसल प्रतियोगिता सञ्चालन गर्ने भएको हो। त्यसैगरी, फोनिज, गण्डकीले स्थापना दिवसको अवसरमा लेखनवृत्ति प्रतियोगिता समेत आयोजना गर्ने निर्णय गरेको छ। लेखनवृत्तिको लागि पत्रकार हुमबहादुर गुरुङको संयोजकत्वमा तीन सदस्यीय निर्णायक समिति गठन गरिएको छ।

फोनिज, गण्डकी प्रदेशका अध्यक्ष रूद्रबहादुर श्रीसमगरको अध्यक्षतामा भएको बैठकमा फोनिज, गण्डकी प्रदेशका निवर्तमान इन्चार्ज हुमबहादुर गुरुङ, संस्थापक अध्यक्ष एमबी आस्था मगर, पुरस्कारका संस्थापक विमलमान गुभाजूले विभिन्न सुझाव दिनुभएको थियो।

# साउनदेखि माथिल्लो दोर्दी 'ए' को बिजुली

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ असार**

लिवर्टी इनर्जी हाइड्रोपावरद्वारा दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माणाधीन माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाको बिजुली उत्पादन आगामी साउन महिनादेखि गर्ने लक्ष्य राखेको छ। कूल २५ मेगावाट क्षमताको यस आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको र अब साउन महिनाभित्रै बिजुली उत्पादन हुने आयोजनाका प्रवर्द्धक राजेन्द्र बस्तीले बताउनुभयो।

आयोजनाले पटक-पटक म्याद थप गर्दै थपिएको अन्तिम म्याद आगामी साउन महिनासम्म रहेको र सो भित्रै जसरी पनि बिजुली उत्पादन हुने उहाँको भनाइ छ। आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको छ । गतवर्ष दोर्दी खोलामा आएको बाढीले क्षति बनाएको खण्डको काम भइरहेको छ।

"यतिबेला पेनस्टक पाइपमा, टनेलमा पानी भर्ने काम भयो, हेडबक्समा गत वर्ष बाढीले क्षति बनाएको आधा काम बाँकी छ", प्रवर्द्धक वस्तीले भन्नुभयो, "आयोजनाको बाँधस्थल लोदो खोलाबाट दुई हजार ७०० मिटर लामो भूमिगत सुरुङ र दुई हजार ७०० मिटर लामो पेनस्टक पाइपमार्फत दोर्दी खोलाको पानीलाई विद्युत् गृहमा झारिने छ।" यसको सफल परीक्षणसमेत भइसकेको आयोजनाले जनाएको छ । आयोजनाका अनुसार उक्त लाइन निर्माण भएसँगै परीक्षण उत्पादन थाल्ने र सफल भएसँगै व्यावसायिक रुपमा बिजुली उत्पादन हुनेछ । आयोजना निर्माणका क्रममा रु तीन अर्ब ९६ करोड लगानीमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहे पनि बढेर हाल रु चार अर्ब ६३ करोड ६० लाख लाग्ने आयोजनाले जनाएको छ । आयोजनाको लागत प्रतिमेगावाट रु १८ करोड ५४ लाख लाग्ने कम्पनीको अनुमान छ । आयोजनाको बिजुली हिउँदको समयमा ८ रुपैयाँ ४० पैसा र वर्षायाममा ४ रुपैयाँ ८० पैसा हुने गरी प्रवर्द्धक कम्पनी लिवर्टी र विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) भएको छ।

# डेढ घण्टा यात्रा अवधि बीस मिनेटमा छोटियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ असार**

बेनी-दरवाङ सडकको बेनी-सिमखण्ड कालोपत्र भएपछि यात्राअवधि छोटिएको छ।

१२ किलोमिटर ५०० मिटर दूरीको सडक कालोपत्र भएपछि डेढ घण्टाको यात्रा अवधि २० मिनेटमा छोटिएको हो । मङ्गला गाउँपालिका-२ सिमलचौरका अशोक पौडेलले यसअघि एक घण्टादेखि डेढ घण्टा लाग्ने सडकको यात्रा अवधि कालोपत्र भएपछि १५ देखि २० मिनेटमा छोटिएको बताउनुभयो।

"म्याग्दीको पश्चिमी भेगका नागरिकलाई आवज जावतमा सहज भएको छ", उहाँले भन्नुभयो, "ढुवानी र आवतजावतमा सहजतासँगै यस क्षेत्रको ब्यापार व्यवसायमा पनि फरक हुन थालेको छ।" बेनी नगरपालिका-४ तातोपानीका कृषक भविलाल सापकोटाले बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने समस्याबाट मुक्ति पाएर सहज, सुरक्षित र छिटो यात्रा गर्न पाएको बताउनुभयो। "हिलो, धुलो, खाल्डाखुल्डी र साँघुरो सडकमा हिड्नै गाह्रो थियो", १२ वर्षदेखि बेनीमा मोटरसाइकलमा दूध ढुवानी गर्दै आउनुभएका उहाँले भन्नुभयो, "सडकका कारण कुनै दिन बजारमा दूध पुऱ्याउन सकिँदैनथ्यो।" बेनीदेखि मङ्गला गाउँपालिका-२ सिमसम्मको सडक कालोपत्र भएपछि जिल्लाको पश्चिमी भेगमा पर्ने तीन पालिकाका बासिन्दा लाभान्वित भएका छन् । मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने म्याग्दीको रणनीतिक महत्वको बेनी-दरबाङ सडकको बेनीदेखि सिमखण्ड पूर्वाधार विकास कार्यालयले कालोपत्र भएको हो । कार्यालयका निमित्त प्रमुख गुरुदत्त अधिकारीले बेनी-सिमखण्डको सडक कालोपत्र सकिएको जानकारी दिनुभयो । "पहिरोको समस्या र जग्गा विवाद भएकोबाहेकका ठाउँमा कालोपत्र सकिएको छ", उहाँले भन्नुभयो, "११ मिटर फराकिलो सडकमा सात मिटर चौडाइका दरले कालोपत्र गरिएको हो।" डिबिएसटी प्रविधिको कालोपत्र गरिएको हो । कार्यालयका सडक इन्जिनियर सञ्जय सुवेदीले गत चैत पहिलो हप्तादेखि थालिएको कालोपत्र गर्ने काम असार अन्तिम साता सकिएको बताउनुभयो। सडक विस्तार गरेर फराकिलो, नाली र पर्खाल निर्माण सकिएपछि प्राइम कोट, बिटुमिन र चिप्स राखेर दुई चरणमा कालोपत्र गर्नुअघि रोडा, गिट्टी, बालुवा, ढुङ्गा र माटोलाई सडकमा पेलेर लेभल मिलाइएको थियो। विसं २०७४ असोज ४ गते रु ४५ करोडमा ठेक्का सम्झौता भएको यो सडकमा पर्याप्त बजेट विनियोजन नहुने, निर्माण कम्पनीले उपकरण र मजदुर परिचालन गर्न नसक्दा ढिलाइ भएको हो। तत्कालीन सडक डिभिजन कार्यालय बागलुङले ठेक्का लगाएको यो आयोजना २०७५ पुसमा प्रदेश सरकारलाई हस्तान्तरण भएको थियो। कालोपत्र भएको खण्डको ढुवानी र यात्रु भाडा समायोजन गर्न स्थानीयवासीले माग गरेका छन् । जिल्लाको 'लाइफलाइन' मानिने बेनी-दरवाङ सडकको २०६३ मा मार्ग खुलेको थियो । आयोजनाको दोस्रो चरणमा लाम्पाटादेखि दरवाङसम्म आठ किलोमिटर खण्ड सडक कालोपत्रे गर्न रु २२ करोड ५७ लाख ९३२ मा २०७६ जेठ ३१ गते बिरुवा-क्याराभान जेभीले ठेक्का लिएको थियो। पछिल्लो एक वर्षयता निर्माण कम्पनीले काम नगर्दा अलपत्र परेको यो सडकमा हिलो, धुलोको समस्याका साथै दुर्घटनाको जोखिम बढेको मङ्गला गाउँपालिका-२ बाबियाचौरका श्रीराम पौडेलले बताउनुभयो।

यो खण्डको हालसम्म करिब ५० प्रतिशत मात्र भौतिक प्रगति छ। मङ्गला गाउँपालिकाको सिमदेखि लाम्पाटासम्मको साढे दुई किलोमिटर सडक स्तरोन्नतिका लागि सम्झौता गरेका निर्माण कम्पनीले प्रारम्भिक चरणको काम थालेका छन् । चार किलोमिटर सडक कालोपत्रे गर्न २०७८ पुस १८ गते ओमबुद्ध निर्माण सेवा वसुन्धराले रु १० करोड ७० लाख २१ हजारमा ठेक्का सम्झौता गरेको थियो।

# गलकोट नगरपालिकाले थाल्यो फोहर प्रशोधन

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ असार**

स्थानीय तहहरुले फोहर व्यवस्थापनको चुनौती भोगिरहेका बेला गलकोट नगरपालिकाले भने जिल्लामै पहिलोपटक फोहर प्रशोधन गर्न थालेको छ।

गलकोट विकसित सहर भएकाले यहाँ बस्तीको विकास तीव्रगतिमा भइरहे पनि फोहर व्यवस्थापन गर्न हालसम्म कठिन हुँदै आएको थियो । नगरपालिकाले यस वर्षदेखि भने फोहर प्रशोधन गरी मोहोरमा परिणत गर्न थालेको हो। बढ्दो सहरीकरणसँगै नगरपालिकामा फोहर व्यवस्थापन चुनौतीको विषय बन्न थालेपछि उक्त नगरपालिकाले वडा नं ३ र ९ को सिमानामा पर्ने मसुरखेतमा चार रोपनी जग्गा भाडामा लिएर फोहर प्रशोधन केन्द्र स्थापना गरी फोहर व्यवस्थापन गर्न थालेको छ । नगरपालिकाको पहिलो कार्यक्रलमै फोहर प्रशोधन केन्द्र स्थापना गरिएकामा दोस्रो कार्यकाल सुरु भएलगत्तै फोहर प्रशोधन गर्न थालिएको नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। "पहिलो कार्यकालयमा फोहर व्यवस्थापन निकै चुनौती बन्यो, त्यसैले फोहर प्रशोधन गर्ने उपकरण खरिद गरिसकेका थियौँ" उहाँले भन्नुभयो "दोस्रो कार्यकालको सुरुमै हामीले फोहर प्रशोधन गर्ने उपकरण सञ्चालनमा ल्याएका छौँ, फोहर प्रशोधनपछि त्यसलाई बिक्री गर्न सकिन्छ।" यसअघि हटिया बजारको फोहर गौदीखोलामा फालिने गरिन्थ्यो । बजारकै छेउमा फोहर फाल्दा बजार क्षेत्रनै दुर्गन्धित भएको भन्दै जनस्तरबाट नगरपालिकालाई फोहर व्यवस्थापनको वैकल्पिक व्यवस्था गर्न आग्रह गर्दै आएका थियौँ । नगरपालिकाले जग्गा अभावमा फोहरको डम्पिङ साइड खोज्न नसकेपछि जग्गा भाडामा लिएर अहिले फोहर प्रशोधन केन्द्र स्थापना गरेको हो। फोहर प्रशोधन केन्द्रमा अहिले धमाधम फोहर प्रशोधन भइरहेको छ । नगरप्रमुख गैरेले फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर प्रत्येक दिन छुट्टाछुट्टै सङ्कलन गरिँदै आएको बताउनुभयो । नगरपालिकाले अहिले नकहुहिने फोहोर मात्रै प्रशोधन गर्दै आएको छ। रु ३३ लागतको लागतमा स्थापित सो केन्द्रमा अहिले एउटा ट्र्याक्टरबाट फोहर सङ्कलन गर्ने गरिएको छ।

कुहिने फोहरको मल बनाइनेछ भने नकुहिने फोहरलाई प्रशोधन उपकरणबाट पेलेर टुक्राउने, धुने र पुनः प्रयोगका लागि बिक्री गरिने भएको छ । फोहोर व्यवस्थापनमा लाग्ने सबै खर्च फोहर प्रशोधनपछि बिक्री गरेर उठाउने लक्ष नगरपालिकाले लिएको छ। मुख्य बजार क्षेत्रको फोहर सङ्कलन गरेर प्रशोधन गरिरहेको र प्रशोधन गरिएको फोहरलाई बिक्री गर्ने फोहर प्रशोधन केन्द्र संयोजक तथा पूर्ववडाध्यक्ष वीरजंग भण्डारीले बताउनुभयो।

# बढ्यो सङ्क्रमण, १६८ सङ्क्रमित थपिए

**रासस**
**काठमाडौं, २७ असार**

कोरोना भाइरसको सङ्क्रमण दैनिक बढिरहेको छ। आज १६८ जनामा सङ्क्रमण पुष्टि भएको छ। हिजो असार २६ गते १२१ मा सङ्क्रमण देखिएको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको बुलेटिनका अनुसार तीन हजार २० परीक्षण गर्दा आज सो सङ्ख्यामा सङ्क्रमण देखिएको छ। सक्रिय सङ्क्रमितको सङ्ख्या ७७० रहेको छ। सो अवधिमा ३७ सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ६७ हजार ७२४ पुगेको छ। यो दर ९८.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। शून्य सङ्क्रमित भएका जिल्ला १५ रहेका छन् । काठमाडौंमा २०० बढी सक्रिय सङ्क्रमित छन् । होम आइसोलेशनमा ७४९, संस्थागत आइसोलेशनमा २१ रहेका छन् । सघन उपचार कक्ष (आइसियु) मा १२ र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ।


**प्रदेश सरकार**
**पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/२७

यस कार्यालयबाट मिति २०६८/१०/२९ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३ कि.नं. २५७४ मा संचालन गर्नेगरि पोखरा महानगरपालिका वडा नं. १३ कास्की निवासी बद्रि प्रसाद सिग्देलको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. ८२४२/०६८/०६९ को शंकर एण्ड सुदर्शन कषि फर्म प्रोपाइट श्री बद्रि प्रसाद सिग्देलले मिति २०७९/०३/२७ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# कोरोनाबाट मृत्यु भएका परिवारलाई राहत

रासस
बागलुङ, २७ असार

बागलुङमा कोरोनाबाट मृत्यु भएका परिवारलाई रु ५७ लाख राहत रकम प्रदान गरिएको छ।

गण्डकी प्रदेश सरकारले ११ जिल्लामै कोरोनाबाट मृत्यु भएका परिवारलाई रु ५० हजार राहत रकम प्रदान गर्ने निर्णय अनुसार चालु आर्थिक वर्षमा रु ५७ लाख राहत रकम वितरण गरिएको छ।

स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौंका अनुसार बागलुङ जिल्लाका कोरोनाका कारण मृत्यु भएका ११४ जनाले रु ५० हजारका दरले राहत रकम बुझिसकेको जानकारी दिनुभयो। "जिल्लामा कोरोनाले मृत्यु भएको सङ्ख्या ७२ हो तर जिल्लाबाट उपचारका क्रममा विभिन्न अस्पतालमा मृत्यु भएकाको परिवारलाई समेत राहत दिने नीति थियो", उहाँले भन्नुभयो ,"हालसम्म ११४ जनालाई दियौँ, सम्पर्कमा नआएका र कागजात नबुझाएका २०/३० जना बाँकी होलान, प्रदेशले अर्को वर्ष बजेट पठाए पाउँलान् ।" राहत पाउनका लागि कागजात भने प्रमाणित हुन जरुरी हुन्छ।

गण्डकी प्रदेश सरकारले कोरोनाबाट ज्यान गुमाउने गण्डकी प्रदेशका मृतकका परिवारलाई रु ५० हजार राहत दिने निर्णयअनुसार जिल्लामा कोरोनाका कारण मृत्यु भएका ११४ जनाका परिवारलाई रु ५७ लाख राहत रकम प्रदान गरिएको हो। सम्पर्कमा आएका र कागजात बुझाएकालाई खोजी-खोजी राहत दिएको भए पनि केही मृतकका परिवार राहत लिन नआएको स्वास्थ्य कार्यालय बागलुङका कोरोना स्रोत व्यक्ति देवप्रकाश घिमिरेले जानकारी दिनुभयो। "प्रदेशको निर्णयअनुसार रु ५७ लाख भुक्तानी गर्‍यौँ, आर्थिक वर्ष सकिएका कारण अब भुक्तानी हुँदैन, अर्को वर्ष बजेट आएमा बाँकीलाई दिन सकिन्छ", उहाँले भन्नुभयो, "जिल्लामा कोरोनाले ७२ जनाको मृत्यु भए पनि बागलुङ घर भएर उपचारको क्रममा नेपालका जुनसुकै अस्पतालमा मृत्यु भएकाको परिवारलाई राहत दिने नीति थियो, सम्पर्कमा नआएका २०/३० जना होलान् ।" उहाँले स्वास्थ्य कार्यालयले ५० हजार राहत रकम दिए पनि बागलुङका केही पालिकाले समेत मृतकका परिवारलाई राहत रकम दिएको बताउनुभयो। पालिकाको राहत विवरण स्वास्थ्य कार्यालयलाई नआउने भएकाले कुन पालिकाले कति राहत दियो भन्ने थाहा नभएको स्रोत व्यक्ति घिमिरेले जानकारी दिनुभयो। जिल्लाको काठेखोला गाउँपालिकामा कोरोना सङ्क्रमितका कारण ज्यान गुमाएकाको परिवारले २० हजारका दरले राहत दिएको थियो। गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ मा विनियोजित गरेको रु तीन लाख ६० बजार बजेटअनुसार कोरोनाका कारण मृत्यु भएकाको परिवारलाई रु २० हजारका दरले राहत रकम प्रदान गरिएको काठेखोला गाउँपालिकाले जनाएको छ। गाउँपालिकामा कोरोना सङ्क्रमणका कारण हालसम्म १८ जनाले ज्यान गुमाएका थिए।

गाउँपालिकाले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना सङ्क्रमणका कारण ज्यान गुमाएका परिवारलाई २० हजारका दरले राहत रकम प्रदान गरेको हो। गाउँपालिकाले १८ परिवारलाई २० हजारका दरले रु तीन लाख ६० हजार प्रदान गरिएको गाउँपालिकाले जनाएको छ।



स्याङ्जाको चापाकोट नगरपालिका- ६ स्थित राधा दामोदर नेपाल निम्बार्क पीठ केलादीधाममा अवस्थित गौशालामा रहेका गाई। गौमाताको रुपमा पुजिने गाईको संरक्षणमा पीठले स्थापनाकालदेखि नै विशेष महत्व दिंदै आएको छ। तस्बिर : तोलाकान्त बगाले/रासस

# भानु जन्मस्थलमा पूर्वाधार निर्माण

पोखरापत्र संवाददाता
दमौली, २७ असार

तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घास्थित आदिकवि भानुभक्त जन्मस्थल विकास समितिमा पूर्वाधार निर्माण गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजित गरेको रु ३० लाखको लागतमा जन्मस्थल विकास समितिको कार्यालयमा पूर्वाधार निर्माण गरिएको हो। चालु आर्थिक वर्षमा विनियोजन भएको उक्त बजेटबाट कार्यालय परिसरमा, ढुङ्गा छाप्ने, बाटो फराकिलो गर्ने काम भइरहेको समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो। उहाँका अनुसार यसअघि उजाडजस्तै रहेको कार्यालय भवनमा अहिले रङरोगनको काम पनि गरिएको छ। "भानु जन्मस्थल विकास समितिलाई सरकारबाट न्यून मात्रामा बजेट आउँदा समस्या हुने गरेको छ, अहिले यो वर्ष प्राप्त बजेटबाट कार्यालय परिसरभित्र केही काम गर्न सफल भएका छौँ", उहाँले भन्नुभयो।

कार्यालय परिसरलाई आकर्षक बनाउन ढुङ्गा छाप्न लागिएको हो। त्यस्तै कार्यालयको सुरक्षाका लागि 'कम्पाउण्ड' निर्माणको काम पनि भइरहेको छ। केही वर्ष पहिला मन्त्रालयले भानु जन्मस्थल विकास समितिलाई नगरपालिका मातहत राख्ने निर्णय गरेको थियो। नगरपालिका मातहत राखिँदा विकास समितिले सोचेअनुरुपको काम गर्न नसकेपछि पुनः सङ्घीय सरकार मातहत नै समितिलाई राखिएको छ। "त्यही बेला नगरपालिकामा बजेट प्राप्त भएको रहेछ, सोही बजेटबाट अहिले काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "असारभित्रै काम सम्पन्न गर्छौं ।" कार्यालयसम्म आवतजावत गर्ने बाटो साँघुरो भएकाले बाटो फराकिलो गर्ने काम पनि भइरहेको छ। विकास समितिले तीन दिनसम्म दुई सय नवौँ भानु जयन्ती मनाउने गरी तयारी तीव्र पारेको छ। यही असार २७, २८ र २९ गते तीन दिनसम्म भानु जयन्ती मनाउने तयारी गरिएको हो।

भानु जयन्तीको अवसरमा आज स्थानीय मठमन्दिरमा पूजाअर्चना र साँझ दीपावली, २८ गते भानुभक्तीय रामायण वाचन प्रतियोगिता, राष्ट्रियस्तरको खुला कविता प्रतियोगिता र विद्यालयस्तरीय खुला कविता प्रतियोगिता, असार २९ गते प्रभातफेरी, भानुभक्तको शालिकमा माल्यार्पण, श्रद्धाञ्जलि सभा, साहित्य तथा सांस्कृतिक कार्यक्रम राखिएको छ। सोही अवसरमा यही मंगलबार हुने राष्ट्रियस्तरको खुला कविता प्रतियोगिताका लागि ३५ जिल्लाबाट ११२ जनाको कविता प्राप्त भएकामा १५ कविता छनोट भएको छ। प्राप्त कवितामध्ये मूल्याङ्कन समितिको निर्णयबमोजिम १५ कविता छनोट गरिएको रानाभाटले जानकारी दिनुभयो। कविता प्रतियोगिताका लागि ३५ जिल्लाबाट ११२ कविता प्राप्त भएको थियो। छनोट भएका कविताह स्वयं उपस्थित भई असार २८ गते वाचन गर्नुपर्ने र त्यसका लागि दश पूर्णाङ्क तोकिएको छ। पहिलो र दोस्रो चरणको मूल्याङ्कनबाट प्राप्त अङ्कको योगको आधारमा अन्तिम नतिजा प्रकाशन गरिएको समितिले जनाएको छ।

प्रतियोगिताका लागि पर्वतका तारानाथपराजुलीको 'नजन्माइएका छोरीहरू', विराटनगरका केशव भण्डारी कञ्चनको 'देश छाड्नुअघि', कास्कीका नवराज अधिकारीको 'नेपाल आमासँग', नवलपुरका हरिप्रसाद घिमिरेको 'नेपालप्रवृत्ति', अछामकामीनप्रसाद पाण्डेको 'मुजारे गुराँस', रामेछापका विक्रमपवन परियारको 'सूर्यमुखी फूल', कपिलवस्तुका जोशिका कँडेलको 'समृद्ध नेपाल', बाराका अभिषेक ओझाको 'के छैन नेपालमा', पोखराका कमलराज ढुङ्गानाको 'भानु सम्झनामा', खोटाङका मुकुन्दकृष्ण थापाको 'आह्वान', पाल्पाका जनक कार्कीको 'कागज', पर्वतका लक्ष्मीदेवी पौडेलको 'प्रिय कविको सम्झनामा', रुपन्देहीका शिव खनालको 'उज्यालोको कथा', कास्कीका संयोग बस्यालको 'युवा आह्वान' र कास्कीकै मदन घिमिरेको 'मैले देखेको देश' कविता प्रतियोगिताका लागि छनोट भएको छ। प्रतियोगितामा प्रथम हुनेलाई रु २० हजार, द्वितीय हुनेलाई रु १५ हजार, तृतीय हुनेलाई रु दश हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच हजारका दरले पुरस्कार वितरण गरिनेछ।

# वैदेशिक रोजगारीबाट फर्किएकालाई अनुदान

रासस
तनहुँ, २७ असार

व्यास नगरपालिका कार्यालयले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई अनुदान दिएकोछ। रोजगारीबाट फर्किएका व्यक्तिलाई स्वदेशमै बस्ने वातावरण बनाउन कूल रु २४ लाख ७५ हजार अनुदानस्वरुप वितरण गरेको हो।

नगरपालिकाले वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा बसेर विभिन्न व्यवसायमा आवद्ध भएका व्यक्तिलाई प्रोत्साहनस्वरुप अनुदान प्रदान गरेको नगरपालिका कार्यालयले जनाएको छ। विदेशबाट फर्किएर व्यवसाय सञ्चालन गर्दै आएका ५७ व्यक्तिलाई अनुदान प्रदान गरिएको व्यास नगरपालिकाका लेखा अधिकृत कुमार कञ्चन जिसीले जानकारी दिनुभयो। अनुदानका लागि १०१ जनाको आवेदन परेकोमा ५७ जनालाई अनुदान प्रदान गरिएको छ। आवेदन परेकामध्ये १२ जनाको सुरुमा नै आवश्यक कागजात नपुगेकाले फर्काइएको उहाँले बताउनुभयो। यस्तै ८९ जनाको व्यवसायको स्थलगत अनुगमन गरी पूर्ण रुपमा मापदण्ड पूरा गर्ने ५७ व्यक्तिलाई अनुदान प्रदान गरिएको छ। नगरपालिकाले ६१ जनालाई अनुदान रकम, ५७ जनालाई प्रोत्साहन अनुदान प्रदान गरेको र तीन जनाले कृषि र पशुपालनबाट अनुदान पाएकाले दोहोरो नहुने गरी समावेश गरिएको छ। मापदण्ड पूरा गरेका व्यवसायको आकार अनुसार रु २५ हजारदेखि रु एक लाखसम्म अनुदान प्रदान गरिएको जिसीले बताउनुभयो। रु एक लाख भन्दा बढी अनुदान दिन नपाउने प्रावधान रहेकाले क्षेत्राधिकारभित्र रहेर वैदेशिक रोजगारीबाट फर्किएर यही व्यवसाय गर्ने व्यक्तिलाई अनुदान प्रदान गरिएको सूचना अधिकारी जिसीले बताउनुभयो।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई स्वदेशमै बस्ने वातावरण बनाउने उद्देश्यले अनुदान र प्रोत्साहनका कार्यक्रम ल्याइएको उहाँले बताउनुभयो। स्वदेशमा नै स्वरोजगार भएर बस्ने वातावरण तयार गर्ने नगरपालिका तथा जनप्रतिनिधिको प्रतिबद्धता अनुसार अनुदान प्रदान गरिएको हो। व्यास दूध र मासुमा व्यास नगरपालिका आत्मनिर्भर भइसकेकोले अन्य खाद्यवस्तुमा आत्मनिर्भर बनाउन युवाको जोस र लगनशीलताका सम्मान गर्न लागेको हो। विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्नुपर्छ, भन्ने उद्देश्यले समृद्ध व्यास नगर बनाउन आवश्यक देखिएकोले अनुदानका कार्यक्रम ल्याइएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो। कृषिजन्य र गैर कृषिजन्य भूमिको वर्गीकरण गर्ने तयारीमा व्यास नगरपालिका रहेको छ।

विदेशमा सिकेको सीपलाई यही उपयोग गर्दै यहाँ उत्पादित बाँस, कसेल्टाको मुडा, चकटी लगायतका सामग्री निर्माण गरी विदेश निर्यात गर्ने विषयमा पनि छलफल भइरहेको नगरप्रमुख न्यौपानेले बताउनुभयो। युवालाई तालिम र सीप प्रदान गरी उद्यमशील बनाउने योजना नगरपालिकाले लिएको छ। यसवर्षको अनुदानमा नसमेटिएका व्यवसायीलाई आगामी वर्ष प्रदान गर्ने गरी व्यवसायलाई विस्तार गर्ने योजना रहेको नगर प्रमुख न्यौपानेले बताउनुभयो।

# सुन्तला खेतीले धनी बन्दै दोसल्लोका किसान

पोखरापत्र संवाददाता
म्याग्दी, २७ असार

उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका- ७ दोसल्लेमा व्यावसायिक रुपमा गरिएको सुन्तला खेतीले किसानको जीवनस्तरमा सुधार ल्याएको छ। दोसल्ले गाउँका ५० घरपरिवारका नागरिकले परम्परागत खेती मकै, गहुँ र कोदो भन्दा सुन्तला खेतीबाट राम्रो आम्दानी हुन थालेपछि खाद्यान्न खेती छोडेर सुन्तलाको व्यावसायिक खेती सुरु गरेका हुन्।

गतवर्ष यहाँका किसान सुन्तला बिक्री गरेर रु ५० लाख भन्दा बढी रकम गाउँमा भित्र्याएका स्थानीय किसान प्रेमबहादुर पाइजाले बताउनुभयो। दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्षसमेत रहनुभएका पाइजाका अनुसार पोखरा, चितवन र काठमाडौँबाट आएका व्यापारीले बगैँचाबाटै प्रतिकिलो रु ८० देखि १२० का दरले सुन्तला खरिद गरेर लगेका थिए। भूगोल र वातावरणीय हिसाबले पनि यहाँ सुन्तला खेती राम्रोसँग फस्टाउने गरेको उहाँको भनाइ छ। पहिला दुईचार घरले मात्र सुन्तला लगाएका थिए स्थानीय किसान कृष्ण पुनले भन्नुभयो,"एकदशकयता सबै घरपरिवारले सुन्तलाखेती गर्न थालेका छन्।" खेती नगरेर बाँझिएको जमिनमा पनि सुन्तलाका बिरुवा रोप्न थालेको उहाँले बताउनुभयो। अहिले सुन्तला नलगाएको घर नै छैन मकै,धान र कोदोखेती गाउँबाट हरायो। पुनले भन्नुभयो,"सुन्तला खेतीबाट राम्रो आम्दानीहुने भएपछिसुन्तलालगाउनेको सङ्ख्या वृद्धि भएको छ।" गाउँको सबै जमिन खाली नराखी सुन्तला लगाउने अभियान चलाएको उहाँको भनाइ छ। विगत १२ वर्षदेखि यहाँका किसानले सुन्तलाखेती गर्दै आएका छन्। पछिल्लो समय सुन्तलाको माग बढेको र मूल्य पनि राम्रो पाउन थालेपछि पाखोबारी र खेत खाली नराखी सबै जमिनमा सुन्तलाका बिरुवा लगाउन थालेको किसानले बताएका छन्। वर्षमा मुस्किलले चार मुरी कोदो फल्ने बारीमा लगाएको सुन्तलाबाट ६० हजार भन्दा बढी आम्दानी भएको किसान रमेश पुनले बताउनुभयो।

सडक यातायातको सुविधा पुगेपछि बाँझिएका पाखो बारीमा झाडी फाँडेर सुन्तलाका बिरुवा रोप्ने अभियान चलाइएको उहाँले जानकारी दिनुभयो। दश वर्षअघि स्थानीयवासी मिलन गर्बुजाको अगुवाइमा दोसल्लेलाई सुन्तला गाउँ बनाउने अभियान सुरु भएको थियो।

कृषि ज्ञानकेन्द्र म्याग्दीले दोसल्लेमा सुन्तलाखेती विस्तारका लागि नयाँ बिरुवा वितरण, किसानलाई बगैँचा र कीरा व्यवस्थापनसम्बन्धी तालिममा सहयोग गर्दै आएको छ। बेमौसममा सुन्तला बिक्री गर्नका लागि दोसल्लेमा तत्कालीन कृषि विकास कार्यालयको सहयोगमा सुन्तला भण्डार गर्ने भवनसमेत निर्माण भएको थियो। सुन्तलाबाट नै समृद्धि भित्रिन थालेपछि यहाँका किसान उत्साहित देखिएका छन्। निर्वाहमुखी कृषिबाट यहाँ व्यावसायिक कृषिको विकास भएको र यहाँका किसानको सिको उत्तरी म्याग्दीका अन्य ठाउँका किसानले पनि गर्न थालेका पाइएको छ।

# जन्मोत्सवको खर्च कटाएर विपन्न विद्यार्थीलाई सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, २७ असार

जन्मोत्सवको अवसरमा गरिने फजुल खर्च कटाएर तनहुँमा एक युवाले विपन्न तथा जेहेन्दार विद्यार्थीको अध्ययनको लागि मद्धत गर्नु भएको छ।

दमौली स्थित आदिकवि भानुभक्त क्याम्पस सञ्चालक समितिका सदस्य राजु दाहालले सोही क्याम्पसमा कक्षा १२ अध्ययरत दुई छात्राको एक वर्षको लागि आवश्यक शैक्षिक शुल्क ३२ हजार रुपियाँ सहयोग गर्नुभएको हो। लायन्स क्लब अफ तनहुँका अध्यक्ष समेत रहनु भएका दाहालले क्याम्पसमा सोमबार एक कार्यक्रमकाबीच क्याम्पस छात्रवृद्धि कोषको संयोजक तथा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष बुद्धिमान श्रेष्ठलाई सो रकम प्रदान गर्नुभयो। रकम हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि क्याम्पस सञ्चालक समितिका अध्यक्ष बह्मदत्त तिमिल्सिना, व्यास नगरपालिकाका प्रथम प्रमुख तथा क्याम्पस सञ्चालक समितिका पूर्व अध्यक्ष ताराप्रसाद श्रेष्ठ, क्याम्पस प्रमुख महाप्रसाद हड्खले, कक्षा ११ र १२ का संयोजक चिरञ्जिवी बस्नेत लगायतले जन्मोत्सवमा फजुल खर्च कटौती गरेर समाजप्रति समर्पण गर्ने यस्ता कार्यको सबैले अनुशरण गर्नुपर्ने जरुरी रहेको औँल्याउनुभयो।


## हङकङ ID Card हराएको सूचना

म विवेक गुरुङको पामेबाट पोखरा बाझ्रापाटन जाने क्रममा हङकङ ID Card सहित ATM Card सहितको पर्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

Hong Kong ID Card: M414016(3)

नाम: विवेक गुरुङ

ठेगाना: पोखरा-१३, बाझ्रापाटन

सम्पर्क नं.: ९८१६२८४७६२


# फुटेनन् मूल, अझै भएन रोपाइँ

पोखरापत्र संवाददाता
म्याग्दी, २७ असार

म्याग्दीमा यस वर्ष असार अन्तिम सातासम्म पानीको मूल फुट्न नसक्दा रोपाइँ हुन सकेको छैन। पर्याप्त वर्षा नहुँदा जिल्लामा ४५ प्रतिशत खेतमा पनि रोपाइँ हुन नसकेको हो।

विगतका वर्षहरूमा असार अन्तिम सातासम्म प्रायः सबै ठाउँमा रोपाइँ भैसक्ने यहाँका फाँट यस वर्ष भने बाँझै देखिएका छन्। मूल फुटेर, खहरे तथा अन्य खोलाहरूमा पानीको छेलोखेलो हुने समयमा यस वर्ष पानीकै अभाव भएपछि रोपाइँ हुन नसकेको किसानहरूले बताएका छन्। " पानी पर्ला र रोपाइँ सुरु गरौंला भन्ने सुरमा छौँ "- बेनी नगरपालिका २ का टेकबहादुर कार्कीले भन्नुभयो।

खेत र बारीका कान्लाका पानीका मूल फुटेका छैनन् भने भेलबाडी बग्न पर्ने खोलामा खडेरीले गर्दा गत शुक्रबारसम्म कमिला हिँड्ने गरेका किसान बताउँछन्। शनिबार र आइतबार सिमसिमे पानी परिरहेको छ। दिनभरि यस्तै पानी पर्ने हो भने रोपाइँमा सहज हुने किसानको भनाइ रहेको छ। केही वर्षअघिसम्म लेकाली क्षेत्रमा असारको अन्तिमसम्ममा र साउनको पहिलो सातासम्ममा बेँसीमा रोपाइँ पूरा हुने गरेका थियो। तर पछिल्ला वर्षहरूमा वर्षाको अनियमित हुँदा कहिले धेरै छिटो त कहिले धेरै ढिलो रोपाइँ हुन थालेको बेनी -९ का बालकृष्ण सुवेदीले बताउनुभयो। आकाशको पानी नपरेपछि खेतका कुना र कान्लाका मूल पनि फुटेको छैन। सिँचाइका लागि कुलो वा नहरको व्यवस्थापन भएका, खोल्साको आसपासमा भएका बाँझा जमिनमा रोपाइँ सकिएको भए पनि मकैखेती भएको मुख्य उत्पादनयोग्य भूमिमा रोपाइँ भएको छैन। मकै पाकेपछि थन्क्याएर रोपाइँका लागि खेतका गराहरू तयारी अवस्थामा राखिए पनि पानीकै अभावमा रोप्न नसकेको कृषक बताउँछन्। वर्षा नहुँदा मकै लगाएको खेत खाली भएको धेरै दिन भएको भए पनि रोपाइँ गर्न नसकिएको मालिका गाउँपालिका-५ का कृषक शेरबहादुर फगामीले जानकारी दिनुभयो। जिल्लाका विभिन्न ठाउँका कृषकले धारा वा मूलको पानी आलोपालो गरेर रोपाइँ गरिएको खेतमा पनि सिँचाइको अभावमा गराहरू चर्किएको बताएका छन्। कृषि ज्ञान केन्द्रका प्रमुख किरण सिग्देलले अहिलेसम्म करिब ५५ प्रतिशत खेतमा रोपाइँ भएको जानकारी दिनुभयो। अघिल्लो वर्षको यही समयमा अहिलेको भन्दा धेरै रोपाइँ भए पनि यो वर्ष पर्याप्त वर्षा नहुँदा कृषक चिन्तामा परेको उहाँको भनाइ छ।